# नगरवासीहरुको जानकारीको लागि
# धु.न.पा.को सूचना–पत्र

नगरवासीहरुलाई देहायका सिफारिस आवश्यक भएमा देहायका कागजातहरु संलग्न गरी निवेदन पेश गरेमा दस्तखत गर्ने पदाधिकारी अनुपस्थित रहेको अवस्था बाहेक सोहि दिन प्रशासन शाखाबाट सिफारिस उपलव्ध गराईने छ ।

नाता प्रमाणित
संलग्न गर्नुपर्ने कागजातहरु :

१. मृत्यु भै सकेका व्यक्तिसंगको भए मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि,
२. नेपाली नागरिकताको प्रतिलिपि,
३. वडाध्यक्षको सिफारिस सहितको निवेदन,
४. निवेदकहरुको फोटो २ प्रतिका दरले ।

जग्गा नामसारी
संलग्न गर्नुपर्ने कागजातहरु :

१. सम्बन्धित व्यक्तिको नाता प्रमाणित प्रतिलिपि
२. निवेदकको नेपाली नागरिकताको प्रतिलिपि
३. वडाध्यक्षको सिफारिस सहितको निवेदन
४. मृतकको नागरिकता र मृत्यु दर्ता प्रमाण पत्रको प्रतिलिपि
५. हकदारहरुको नागरिकता प्रमाण पत्र (नाबालकको हकमा जन्म दर्ता प्रमाण पत्र) को प्रतिलिपि
६. जग्गा धनी पुर्जाको प्रतिलिपि
७. मालपोत तिरेको रसिदको प्रतिलिपि
८. संयुक्त परिवारको जग्गा कुनै एकजनाको नाममा नामसारी गर्ने भएमा अन्य हकदारहरुको मञ्जुरीनामा आवश्यक पर्ने ।

मोही नामसारी
संलग्न गर्नुपर्ने कागजातहरु :

१. सम्बन्धित व्यक्तिको नाता प्रमाणित प्रतिलिपि,
२. निवेदकको नेपाली नागरिकताको प्रतिलिपि,
३. वडाध्यक्षको सिफारिस सहितको निवेदन,
४. मृतकको नागरिकता र मृत्यु दर्ता प्रमाण पत्रको प्रतिलिपि,
५. हकदारहरुको नागरिकता प्रमाण पत्र (नाबालकको हकमा जन्म दर्ता प्रमाण पत्र )को प्रतिलिपि,
६. जग्गा धनी पुर्जाको प्रतिलिपि,
७. फिल्डबुक उतारको प्रतिलिपि,
८. मोहियानी हकको स्थायी वा अस्थायी प्रमाण पत्रको प्रतिलिपि ।

नागरिकता प्रमाण पत्रको सिफारिस :
संलग्न गर्नु पर्ने कागजातहरु :

१. माता वा पिताको नेपाली नागरिकताको प्रतिलिपि सो नभएमा जग्गाधनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि,
२. पिता वा माताको मृत्यु भएको भए नजिकको हकदारको नागरिकता प्रमाण पत्र र मृतकको नाता प्रमाणित प्रतिलिपि,
३. अध्ययनरत विद्यार्थी भए जन्म मिति खुलेको प्रमाण पत्रको प्रतिलिपि,
४. अन्य व्यक्तिको हकमा जन्म मिति खुलेको प्रमाण पत्रको प्रतिलिपि,
५. बसाई सराई गरी आएको भए सो प्रमाण पत्रको प्रंतिलिपि,
६. बसाई सराई नभए सम्बन्धीत वडाको स्थायी बसोबास सिफारिस,
७. निवेदकको दुवै कान देखिने हालसालै खिचेको पासपोर्ट साईजको २ प्रति फोटो,
८. विवाहित महिला भए
   क) विवाह दर्ताप्रमाण पत्रको प्रतिलिपि,
   ख) पतिको नागरीकता प्रमाण पत्रको प्रतिलिपि,
   ग) निवेदकको माता, पिता वा दाजु भाई मध्ये माईती तर्फ कुनै एकको नागरिकता प्रमाण पत्रको प्रतिलिपि,
९.. वडाध्यक्षको सिफारिस सहितको निवेदन,
१०. अस्थायी निस्सा भए सो को प्रतिलिपि ।

जग्गाको चारकिल्ला प्रमाणित :
संलग्न गर्नुपर्ने कागजातहरु :

१. निवेदकको नागरिकता प्रमाण पत्रको प्रतिलिपि,

२. जग्गाधनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपि,
३. तिरो तिरेको रसिद प्रतिलिपि ,
४. हालसालै खरीद गरेको जग्गा भएमा राजीनामाको प्रतिलिपि,
५ नापी नक्शा,
६. सम्बन्धित वडाध्यक्षको सिफारिस सहितको निवेदन,
७. उल्लेखित कागजातका साथै किटानी नभए स्थलगत सर्जमिन ।

जन्म मिति प्रमाणित
संलग्न गर्नुपर्ने कागजातहरु :

१. निवेदकको नागरिकता प्रमाण पत्रको प्रतिलिपि,
२. बाहिर जिल्ला, नगरपालिका वा गा.वि.स बाट बसाई सराई भई आएको भएमा बसाई सराई प्रमाण पत्रको प्रतिलिपि,
३. उमेर खुलेको शैक्षिक योग्यता वा अन्य प्रमाणित कागजातको प्रतिलिपि ।

नाम थर संशोधन :
संलग्न गर्नुपर्ने कागजातहरु :

१. निवेदकको नागरीकता प्रमाण पत्रको प्रतिलिपि,
२. नाम फरक परेको कागजातको प्रतिलिपि,
३. बाहिर जिल्ला, नगरपालिका वा गा.वि.स.बाट बसाई सराई भई आएको भएमा बसाई सराई प्रमाण पत्रको प्रतिलिपि ।

घर जग्गा मुल्याँकन :
(योजना तथा प्राबिधिक शाखा र कर उप शाखा)
संलग्न गर्नुपर्नु कागजातहरु :

१. निवेदकको नागरीकता प्रमाण पत्रको प्रतिलिपि ।
२. जग्गाधनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपि ।
३. चालु आ.ब.को तिरो तिरेको रसिदको प्रतिलिपि ।
४. नापीबाट प्रमाणित भएको जग्गाको नापी नक्शा ।
५. घर भए नक्शा पास भएको प्रमाणको प्रतिलिपि ।
६. सम्बन्धित वडाध्यक्षको सिफारिस सहितको निवेदन ।
७. उल्लेखित कागजातका साथै किटानी नभए स्थलगत सर्जमिन ।

नक्सा पास (नयाँ घर निर्माण, तला थप, मोहडा वा छाना फेर्ने ) :

(नक्सा उप शाखाबाट ऐन ✍ नियमले तोकेको प्रक्रिया निर्धारित समयमा पुरा गरी खर खिचोला नभएकोमा अबिलम्ब नक्सापास हुनेछ ।)

संलग्न गर्नुपर्ने कागजातहरु :

१. निवेदकको नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।
२. दरखास्त फाराम (न.पा.मा लिनुपर्ने)
३. जग्गा धनी प्रमाण पूर्जा
४. हालै तिरो तिरेको रसिद
५. नियम ✍ स्विकृत मापदण्ड अनुसारको घर नक्सा ३ प्रति
६. प्रमाणित नापी नक्सा
७. हालसालै खरीद गरेको जग्गा भएमा राजीनामाको प्रतिलिपि ।

व्यबसाय दर्ता ✍ नविकरण : (कर उप–शाखा)
संलग्न गर्नुपर्ने कागजातहरु :

१. निवेदकको नागरीकता प्रमाण पत्रको प्रतिलिपि ।
२. उद्योग / व्यवसाय भएको वडाको सिफारिस ।
३. घर बहालमा बस्ने भए घरधनीसंगको सम्भौता पत्रको प्रतिलिपि र बहाल कर तिरेको प्रतिलिपि ।
४. फोटो दुइ प्रति ।
५. गैर नेपालीको हकमा घरधनीसंगको सम्भौता पत्रको प्रतिलिपि
६. संस्थाको बिधानको प्रतिलिपि, दर्ता भएको भए प्रमाण पत्र सहित ।

मालपोत तिर्न : (कर उप–शाखा)
संलग्न गर्नुपर्ने कागजातहरु :

१. नयाँ दर्ता वा राजिनामा भए लालपूर्जा , पुरानो भए अघिल्लो बर्षको तिरो तिरेको रसिद ।

सवारी कर बुझाउन : (कर उप–शाखा)
संलग्न गर्नुपर्ने कागजातहरु :

१. पहिलो पटक भए गाडीको ब्लु बुक ।

त्यसपछि न.पा.को दर्ता प्रमाण पत्र

नगरवासीहरुलाई देहायका दर्ता प्रमाण पत्रहरु लिन परेमा यस कार्यालयमा रहेको स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट लेखिए बमोजिमका कागजातहरु सहित निवेदन पेश गरेमा सोही दिन उपलब्ध गराईनेछ ।

जन्म दर्ता :
संलग्न गर्नुपर्ने कागजातहरु :

१. नवजात शिशुको पिताको नागरिकता प्रमाण पत्रको प्रतिलिपि,
२. पिता नभएको अवस्थामा माताको नागरिकता प्रमाण पत्रको प्रतिलिपि,
३. अस्पतालमा जन्म भएको भए अस्पतालको जन्म प्रमाण (Birth Certificate) को प्रतिलिपि,
४. उपरोक्त कागजातका साथ जन्म दर्ता सूचना फाराम समेत भर्नु पर्नेछ । (सूचना फाराम कार्यालयमा निशुल्क उपलव्ध हुनेछ),
५. माता पिताको ठेगान नभएका नवजात शिशुको हकमा नगर प्रमुख वा उप प्रमुख सूचक भएमा मात्र जन्म दर्ता हुनेछ ।

मृत्यु दर्ता :
संलग्न गर्नुपर्ने कागजातहरु :

१. मृतकको नागरिकता प्रमाण पत्रको प्रतिलिपि,
२. निवेदकको नागरिकता प्रमाण पत्रको प्रतिलिपि,
३. अस्पतालमा मृत्यु भएको भए अस्पतालबाट प्राप्त मृत्यु प्रमाण (Death Certificate ) को प्रतिलिपि,
४. उपरोक्त कागजातका साथ मृत्यु दर्ता सूचना फाराम समेत भर्नु पर्नेछ । (सूचना फाराम कार्यालयमा निशुल्क उपलव्ध हुनेछ)

विवाह दर्ता
संलग्न गर्नुपर्ने कागजातहरु :

१. पति पत्नी दुवैको नागरिकता प्रमाण पत्रको प्रतिलिपि,
२. पत्नीको नागरिकता नभएमा निजको माईत पट्टिको बुबा, दाजु वा भाई मध्ये कुनै एक जनाको नागरिकता प्रमाण पत्रको प्रतिलिपि,

३. पति पत्नी दुवै अनिवार्य रुपमा कार्यालयमा उपस्थित हुनु पर्ने,
४. उपरोक्त कागजातका साथ विवाह दर्ता सूचना फाराम समेत भर्नु पर्नेछ । ( सूचना फाराम कार्यालयमा निशुल्क उपलब्ध हुनेछ) ।

बसाई सराई दर्ता :
संलग्न गर्नुपर्ने कागजातहरु :

१. बाहिर जिल्ला, नगरपालिका वा गा.वि.स.बाट बसाई सराई भई आउनेको हकमा उक्त ठाउँबाट प्राप्त प्रमाण पत्र,
२. निवेदकको नागरिकता प्रमाण पत्रको प्रतिलिपि,
३. घरमुलीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि,
४. उपरोक्त कागजातका साथ बसाइँ सराइँ दर्ता सूचना फाराम समेत भर्नु पर्नेछ । (सूचना फाराम कार्यालयमा निशुल्क उपलब्ध हुनेछ)

पुनश्च : यस अनुसारको सेवा प्राप्त गर्न ढिलाई भएमा सर्बसाधारणले कार्यालय प्रमुख समक्ष सिकायत गर्न सक्नेछन् ।
जुनसुकै सेवा वा सुबिधा लिन आफूले न.पा.लाई तिर्नु बुझाउनु पर्ने कर, दस्तुर, शुल्क वा महशुल बुझाई सकेको हुनुपर्नेछ ।